बैठक मितिः २०७८/६/१२

बैठक सङ्ख्या : ८

**छलफल तथा निर्णयः**

१. दीर्घकालीन सोचसहितको पन्ध्रौं योजनाका लक्ष्य केन्द्रित योजनाहरू बनाउन र दिगो विकासका लक्ष्यहरु निर्धारित समयमा नै प्राप्त गर्न स्थानीय तहमा बन्ने योजनाहरूमा आन्तरिकीकरण गर्न गराउन सहयोग पुगोस् र राष्ट्रिय, प्रादेशिक र स्थानीय योजनाहरू बीचमा सामन्जस्यता होस् भन्ने उद्देश्यले स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ (नमूना) लाई आवश्यक परिमार्जन गरी तयार गरिएको स्थानीय तह योजना तर्जुमा दिग्दर्शन, २०७८ मा छलफल हुँदा बैठकका सुझावहरू समेत समावेश गरी स्वीकृत गर्ने निर्णय गरियो।

२. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट अत्याधुनिक चलचित्र छायाङ्कन स्टुडियो निर्माण आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रूपमा समावेश गरिदिन अनुरोध भई आएकोमा छलफल हुँदा उक्त आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनामा समावेश गर्ने निर्णय गरियो।